दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक ६६ | बुटवल | २०८२ फागुन १७ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday March 01, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

प्रतिनिधिसभा सदस्य निर्वाचन :

# रूपन्देही ३ का यी उम्मेदवार चिनौं






**लुम्बिनी संवाददाता**
*बुटवल*

आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनअन्तर्गत रूपन्देही ३ पनि चर्चित क्षेत्रमा पर्छ। विगतमा 'हेभिवेट' नेता उम्मेदवार हुने गरेका कारण चर्चामा रहने क्षेत्र हो, रूपन्देही-३। यसअघिका निर्वाचनमा नेपाली कांग्रेसका प्रभावशाली नेता तथा पूर्वगृहमन्त्री बालकृष्ण खाँण, कम्युनिष्ट नेता घनश्याम भुसाल, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का प्रभावशाली नेता स्व. दीपक बोहोराले चुनाव लड्दै आएको यो क्षेत्रमा अहिले भने सबै नयाँ उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन्। डाक्टर, पाइलट, विद्यार्थी नेता, युवा र राजनीतिक विरासत बोकेका उम्मेदवारहरूबिच हुन लागेको प्रतिस्पर्धाका कारण पनि अहिले यहाँको चुनाव थप रोचक हुने अनुमान गरिएको छ।

रूपन्देही-३ मा अहिले नेकपा एमालेबाट युवा नेता, निवर्तमान सांसद तथा पूर्वमेयर बासुदेव घिमिरे, कांग्रेसबाट विद्यार्थी राजनीतिबाट उदाएका युवानेता सुशील गुरूङ, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)बाट डा. लेखजंग थापा, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट पाइलट गौरव बोहोरा, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट फैज अहमद खाँलगायतका उम्मेदवारहरू चुनावी मैदानमा छन्।

यी सबै यस क्षेत्रका लागि नयाँ अनुहार हुन्। यहाँ राजनीतिक दल र स्वतन्त्र गरी ३६ जना उम्मेदवार चुनावी मैदानमा भए पनि घिमिरे, गुरूङ, डा. थापा र बोहोराबिच चारपक्षीय प्रतिस्पर्धा हुने देखिन्छ।

**बासुदेव : लोकप्रिय मेयरबाट दोस्रोपटक संसद पुग्ने लक्ष्यमा**

२०२४ माघ १३ साउनमा गुल्मीमा जन्मिएका बासुदेव घिमिरे तिलोत्तमा–४, रूपन्देहीका स्थायी बासिन्दा हुन्। नेकपा एमालेमा चार दशकदेखि क्रियाशील घिमिरे तिलोत्तमा नगरपालिकाको पूर्व नगरप्रमुख तथा निवर्तमान संघीय सांसद हुन्। २०४२ सालमा नेकपा एमालेको भातृ संगठन अनेरास्ववियुमा संगठित भएर राजनीतिमा होमिएका उनले स्नातकसम्मको औपचारिक अध्ययन गरेका छन्। २०४८ सालमा नेकपा एमालेको संगठित सदस्यता प्राप्त गरेका घिमिरेसँग युवा संघको गाउँ, क्षेत्र, जिल्ला हुँदै केन्द्रसम्म काम गरेको अनुभव छ। नेकपा एमालेको राजनीतिमा हाल उनी तल्लो कमिटी हुँदै प्रदेश कमिटी सदस्यको रूपमा क्रियाशील छन्। विभिन्न संघ संस्था, बैंक, वित्तीय संस्थाको नेतृत्व सम्हालेको अनुभव पनि घिमिरेसँग छ।

घिमिरेको राजकीय राजनीतिक यात्रा तिलोत्तमा नगरपालिकाको प्रथम नगर प्रमुखको रूपमा प्रारम्भ भएको हो। तिलोत्तमामा उनी २०७४ सालको पहिलो स्थानीय तहको निर्वाचनमा नेपाली काँग्रेसका नेता रामकृष्ण खाँणलाई हराउँदै नगर प्रमुखमा विजयी भए। पहिलो पटक अधिकार सम्पन्न स्थानीय तहको प्रमुखको रूपमा निर्वाचित घिमिरेले तिलोत्तमालाई देशभर चिनाउन सफल रहे। उनले नेतृत्वमा दृढ इच्छाशक्ति भए सीमित स्रोत र साधन भए पनि जनतामा आशा र विश्वास जगाउन सकिन्छ भन्ने कुरा तिलोत्तमाबाट प्रमाणित गराए। किनकी तिलोत्तमा नयाँ नगरपालिका थियो, भाडाको भवनबाट उनले कार्यप्रारम्भ गरेका थिए। जनपरिचालनकै माध्यमबाट उनले तिलोत्तमालाई मुलुककै उत्कृष्ट नगरपालिका बनाए। दुई पटक राष्ट्रियस्तरमै उत्कृष्ट पालिका बनाएका घिमिरेले तिलोत्तमालाई अन्तर्राष्ट्रिय ख्याती समेत दिलाउन सफल भए। उनले छोडेको पदचापमा तिलोत्तमा अहिले पनि मुलुककै रोलमोडल पालिकाको रूपमा चित्रित छ। तिलोत्तमा अन्य पालिकाहरूको लागि असल अभ्यास सिक्ने थलो बनेको छ। तिलोत्तमाको पहिलो नगर प्रमुख भएर गरेका कामले उनलाई रूपन्देहीमा विकासप्रेमी नेताको छवि दियो।

घिमिरेले तिलोत्तमामा गरेको नेतृत्व र त्यसको प्रभाव काठमाडौंको मेयर लड्नु पूर्व हालका रास्वपा वरिष्ठ नेता बालेन शाह समेत असल अभ्यास सिकाइका लागि घिमिरेलाई भेट्न उनको कार्यकक्षसम्म आइपुगेका थिए। बालेनले घिमिरेको बारेका मुक्तकण्ठ प्रशंसा मात्र गरेनन्, काठमाडौंको मेयर भएपछि तिलोत्तमासँग जोडिएका केही कर्मचारीलाई आफ्नो कोर टीममा समेत सामेल गराए।

तिलोत्तमाको यही ब्राण्डमा घिमिरेले २०७९ सालमा रूपन्देही क्षेत्र नं. ५ मा काँग्रेसका बलिया उम्मेदवार भरत शाहलाई फराकिलो मतान्तरले पराजित गरे। लगातार तीन पटक चुनाव जितेका शाहलाई घिमिरेको इन्ट्रीले संसदीय यात्रामा ब्रेक लगायो। नेकपा एमालेले पहिला घिमिरे र पछि अर्का नेता खिमलाल भट्टराईलाई टिकट दिएपछि विवाद उत्पन्न भयो। तर, घिमिरेले पहिला मनोनयन दर्ता गराएका कारण उनको उम्मेदवारी कायम रह्यो। पार्टीभित्र तीव्र असन्तुष्टि रहँदा समेत घिमिरेले शाहलाई ९ हजार ७०२ मतको अन्तरले हराए। घिमिरेले ३६ हजार ८२२ मत ल्याउँदा शाहले २७ हजार १२० मत प्राप्त गरे।

प्रतिनिधिसभा सदस्यको रूपमा घिमिरे संसदमा रूपन्देहीका जनताले भोगेका समस्याहरूका बारेमा आक्रामक ढंगले प्रश्न उठाउने नेताका रूपमा चिनिन्छन्। संसदमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन, खुला सीमाका कारण नेपाली व्यवसायीले भोग्नुपरेका समस्या, किसानले मल, बिउबिजन, सिँचाइमा पाएको असुविधा, लुम्बिनीमा पर्यटन पूर्वाधार निर्माण, भ्रष्टाचार नियन्त्रण, सुशासन, युवाहरूको विदेश पलायनलगायतका मुद्दामा सरकारलाई कडा प्रश्न गर्ने शैलीले उनको उपस्थितिलाई अर्थपूर्ण बनायो। संसदका अधिकांश बैठक र छलफलमा भाग लिने नेताको पहिचान बनाएका घिमिरेले रूपन्देही क्षेत्र नं. ५ को विकासका लागि ठूला विकासे योजनाको प्रारम्भ गराएका छन्। घिमिरे एमालेभित्र प्रष्ट विचार राख्ने र नेतृत्वको कमजोरीको खुलेर आलोचना गर्नसक्ने स्वच्छ छविका नेता मानिन्छन्। राजनीतिलाई पेशा बनाइनु हुँदैन भन्नेमा घिमिरे प्रष्ट छन्।

यसपटक घिमिरे रूपन्देही-३ बाट चुनावी प्रतिस्पर्धामा छन्। यो उनले पहिले देखि नै चाहेको निर्वाचन क्षेत्र हो। रूपन्देही-५ बाट निर्वाचित भए पनि उनले क्षेत्र नं. ३ का मुद्दा र सरोकारका विषयमा निरन्तर आवाज उठाउँदै आएका थिए। घिमिरे क्षेत्र नं. ३ को भुगोल र जनतासँग परिचित पात्र हुन्। उनले आफूलाई रूपन्देही क्षेत्र नं. ३ का मतदातासँग चुनावको उम्मेदवारको हैसियतले मात्र होइन, यही माटोमा हुर्किएको, यही समाजका सुख-दुःखमा सँगसँगै बाँचेको, यही ठाउँको विकास निर्माण, परिवर्तनलाई सधै आफ्नो एजेण्डा बनाउँदै आएको एउटा जिम्मेवार नागरिकको हैसियतमा पनि परिचित गराउन चाहेका छन्।

संघीय संसदमा दोस्रो पटक इन्ट्री गर्ने योजनामा रहेका घिमिरेले आफूले सांसद हुंदा संसदमा उठाउँदै आएका विषय नै अहिलेका चुनावी एजेण्डा र प्रतिबद्धता रहेका बताउँछन्। रूपन्देही ३ लाई गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, बेलहिया नाका, बुद्ध जन्मस्थल लुम्बिनीको प्रवेशद्वार,दर्जनौं ठूला होटल, क्यासिनो भएका हिसाबले पर्यटकीय नगरीका रूपमा विकास गरी समृद्ध र आधुनिक शहर बनाउने र भविष्यमा भैरहवा र बुटवललाई जोडेर महानगर वा मेगासिटीका रूपमा विकास गर्ने आफ्नो लक्ष्य रहेको घिमिरेको प्रतिबद्धता छ।

» बाँकी २ पेजमा

# पूर्व सांसद पहाडी र रास्वपाका ९० जना एमाले प्रवेश



बुटवल। फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै रूपन्देहीमा दल परिवर्तनको क्रम तीव्र बनेको छ। यसैक्रममा नेकपा केन्द्रीय सदस्य तथा संविधानसभा सदस्य विनोद पहाडी एमाले प्रवेश गरेका छन्। उनलाई एमाले उपाध्यक्ष विष्णु पौडेल, सचिव छविलाल विश्ककर्मा, नेता लिला गिरीले पार्टीमा स्वागत गरेका छन्।

राष्ट्रिय दलित पत्रकार महासंघका अध्यक्ष समेत रहेका पहाडीले राष्ट्रियताको सवालमा दृढ अडानलाई आधार मानेर एमाले रोजेको बताए।

उनले एमालेमाथि भएको घेराबन्दी र आक्रमण लोकतन्त्र र गणतन्त्रमाथिको आक्रमण भएको बताए। पहाडीले कुनै लोभर लहडमा नभएर विचारका आधारमा एमाले रोजेको जनाए। उनीसँगै नेकपा रूपन्देही सदस्य सरोज गौतम, नगर सदस्य जनक गौतम एमाले प्रवेश गरेका हुन्।

यस्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का कार्यकर्ता अनिल थापाको नेतृत्वमा ९० जना कार्यकर्ता पनि एमाले प्रवेश गरेका छन्।

घरदैलो अभियानका क्रममा बुटवलको जेसीज चोकमा आयोजित कार्यक्रमबिच नेकपा (एमाले)का उपाध्यक्ष तथा रूपन्देही क्षेत्र नम्बर २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार विष्णु पौडेल ले नवप्रवेशीहरूलाई स्वागत गरेका थिए।

सो अवसरमा पौडेलले एमाले देश निर्माणको स्पष्ट दृष्टिकोण, स्थिरता र विकासको भरोसासहित अघि बढिरहेको पार्टी भएको उल्लेख गर्दै जनताको विश्वास दिनानुदिन बढ्दै गएको दाबी गरे।

"देशलाई समृद्धिको बाटोमा लैजान बलियो नेतृत्व र स्पष्ट नीति आवश्यक हुन्छ," उनले भने-"एमालेले मात्रै स्थिर सरकार र दीर्घकालीन विकास सुनिश्चित गर्न सक्छ। त्यसैले विभिन्न दलबाट साथीहरू एमालेमा आबद्ध हुनु सकारात्मक संकेत हो।"

उनले रूपन्देही-२ मा सडक, शिक्षा, स्वास्थ्य, पूर्वाधार र रोजगारीका क्षेत्रमा सुरु गरिएका योजनालाई निरन्तरता दिन मतदातासँग सहयोग माग्दै फागुन २१ मा सूर्य चिन्हमा मतदान गर्न आग्रह गरे।

रास्वपा परित्याग गरी एमाले प्रवेश गरेका अनिल थापाले देशको राजनीतिक अवस्था र विकासका मुद्दालाई ध्यानमा राख्दै आफूहरू एमालेमा आबद्ध भएको बताए। "हामीले परिवर्तनको अपेक्षासहित रास्वपामा काम गरेका थियौं," उनले भने-"तर व्यवहारिक रूपमा विकास र स्थिरताका लागि एमाले नै सक्षम देखिएकाले सामूहिक रूपमा निर्णय गरेका हौं।"

थापाले आफ्नो नेतृत्वमा ९० जना युवा तथा कार्यकर्ता एमालेमा प्रवेश गरेको उल्लेख गर्दै आगामी निर्वाचनमा एमाले उम्मेदवारको जित सुनिश्चित गर्न सक्रिय रूपमा खटिने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा एमालेका स्थानीय नेता-कार्यकर्ता तथा उद्योगी व्यवसायीको उपस्थिति रहेको थियो। निर्वाचन नजिकिँदै जाँदा रूपन्देहीमा दल परिवर्तन र चुनावी सक्रियता बढ्दै गएको छ। राजनीतिक दलहरू घरदैलो अभियान, कोणसभा र भेटघाट कार्यक्रममार्फत् मतदाता आकर्षित गर्न व्यस्त देखिन्छन्।



# सम्पादकीय

## मध्यपूर्वको तनावले निम्त्याउने जोखिम

अमेरिका–इजरायलले इरानमाथि आक्रमण सुरु गरेपछि मध्यपूर्वमा युद्धको संकेत देखिएको छ । शनिबार बिहान इरानको होर्मोजगान प्रान्तको विद्यालयमाथि गरिएको इजरायली आक्रमणमा परी मारिने विद्यार्थीको संख्या ४० पुगेको छ । तेहरानस्थित इरानका सर्वोच्च नेता आयातुल्लाह अल खामनेईको कार्यालय र राष्ट्रपतिको कार्यालयलाई पनि निशाना बनाइएको बताइएको छ । यो आक्रमणपछि इरानले मध्यपूर्वका विभिन्न देशका अमेरिकी सैन्य अखडामा आक्रमण गरेको छ ।

अमेरिका-इजरायलले इरानमाथि गरेको आक्रमण निन्दनीय छ । यो आक्रमण विश्व शान्ति र मानवता विरोधी आक्रमण हो । विद्यालयलाई निशाना गरेर आक्रमण गर्दा ४० विद्यार्थी मृत्युसहित कयौं घाइते भएका छन् । अमेरिका-इजरायलले यो सँगै इरानको विभिन्न ठाउँमा आक्रमण जारी राखेपछि इरानले पनि मध्यपूर्वका विभिन्न मुलुकमा गरेको आक्रमणले तनाव थपिएको छ । जवाफमा इरानले इसराइलमा दर्जनौं ब्यालिस्टिक मिसाइल प्रहार गरेको थियो । सञ्चारमाध्यमहरूले इसराइली हवाई प्रतिरक्षा प्रणालीले इरानबाट प्रहार भएका हतियारहरूलाई नष्ट गरिरहेको भिडिओ पनि प्रसारण गरेका छन् । अमेरिकी टेलिभिजन नेटवर्क सिएनएनका अनुसार इरानले कतारमा रहेको अल उदैद हवाई अड्डा, कुवेतको अल-सालेम हवाई अड्डा, युएईको अल धाफ्रा एयर बेस, बहराइनस्थित नौसेना अड्डालाई निशाना बनाएको छ । यसबाहेक मध्यपूर्वका बहराइनमा रहेको अमेरिकी नौसेनाको अड्डा र उत्तरी इराकमा रहेको अमेरिकी आधार शिविरलाई पनि लक्ष्य बनाएको सञ्चारमाध्यमहरूले जनाएका छन् । कतारले तीन पटकसम्म इरानबाट आएको मिसाइल सफलतापूर्वक नष्ट गरेको र युएईमा हवाई प्रतिरक्षा प्रणालीले नष्ट गरे पनि मिसाइलको टुक्रा एउटा घरमा खसेको र एक जनाको मृत्यु भएको भनिएको छ । कुवेतका सैनिक प्रमुखले आकाश रक्षा प्रणालीले मिसाइलहरूलाई अवरोध गरेको पुष्टि गरेका छन् । जोर्डनको सैन्य प्रवक्ताले दुई ब्यालेस्टिक मिसाइल सफलतापूर्वक रोकिएको जानकारी दिएका छन् ।

मध्यपूर्व नेपालीको आकर्षक रोजगार गन्तव्य हो । मध्यपूर्वमा लाखौं नेपाली छन् । अब नेपाल सरकारले त्यहाँ कार्यरत नेपालीको सुरक्षामा ध्यान दिनुपर्छ । तनाव बढ्दै गए जोखिम बढ्दै जानेछ, त्यसबेला सुरक्षित घर फिर्तीलाई जोड दिनुपर्छ । संयुक्त अरब इमिरेट्स (यूएई) स्थित नेपाली दूतावासले यूएईमा रहेका नेपाली नागरिकहरूलाई अनावश्यक यात्रा नगर्न आग्रह गरेको छ । मध्यपूर्व क्षेत्रमा विकसित भइरहेका परिस्थितिलाई ध्यानमा राख्दै दूतावासले नेपाली नागरिकहरूलाई अनावश्यक यात्रा नगर्न र उच्च सतर्कता अपनाउन आग्रह गरेर सचेत गराउनु सकारात्मक छ । त्यहाँ रहेका नेपालीले यूएई सरकार तथा नेपाली दूतावास/महावाणिज्य दूतावासले जारी गरेका सुरक्षा मार्गनिर्देशन र सूचनाहरूको पालना गर्न ध्यान दिनुपर्छ ।

यस्तो बेला मिथ्या सूचनाको प्रकोप बढ्छ । मिथ्या सूचनाले गर्दा त्रास बढाउँछ । नागरिकमा हुने भयले झनै जोखिम बढाउँछ । मिथ्या सूचनाको जोखिमबाट बचेर आधिकारिक निकायको सूचनामा भर पर्नुपर्छ ।

मध्यपूर्वको युद्ध रोक्न अरू मुलुकले पहलकदमी लिनुपर्छ । मध्यपूर्वको अशान्तिले विश्व बजारलाई नै प्रभावित पार्ने छ । त्यसले विश्व शान्ति र अर्थतन्त्रलाई असर गर्ने भएकाले युद्ध होइन्, शान्तिको पहल गरौं । अमेरिकी हमला र प्रतिशोधको शिकार निहत्था नागरिक पर्नु हुन्न ।

## हाच्छिउँ आउन खोज्दा जबरजस्ती रोक्नु हुन सक्छ खतरनाक



कहिलेकाहीँ कुनै मिटिङ, कक्षाकोठा वा कुनै विशेष अवसरमा सहभागी भइरहेका बेला अचानक नाम सकसक हुन थाल्छ । कडा हाच्छिउँ आउन खोजिरहेको हुन्छ । यस्तो समयमा, धेरै मानिसहरू असभ्य भइने डरले वा संकोच मानेर आइरहेको हाच्छिउँ जबरजस्ती रोक्न खोज्छन् ।

हाच्छिउँ हाम्रो शरीरमा एक प्राकृतिक सुरक्षात्मक संयन्त्र हो । जब धुलो, परागकण, तीव्र गन्ध, वा भाइरस नाकमा प्रवेश गर्छन्, शरीरले तिनीहरूलाई बाहिर निकाल्न हाच्छिउँ गरेर प्रतिक्रिया दिन्छ । यो एक प्रकारको सुरक्षा अलार्म हो, जसले फोक्सो र श्वासप्रश्वास नलीलाई सफा राख्न मद्दत गर्दछ । चिसो वा एलर्जीको समस्या हुँदा हाच्छिउँ आउनु समान्य हुन्छ ।

त्यसैले, यसलाई दबाउनु वा रोक्नु उपयुक्त हुँदैन । हाच्छिउँ आउनु कुनै लज्जाको विषय होइन, यो शरीर सफाइको एक प्रक्रिया हो । जब हामी नाक र मुख बन्द गरेर हाच्छिउँ रोक्न खोज्छौं, यसले अचानक शरीरभित्र दबाब बढाउँछ । यो दबाबले कान, घाँटी र मस्तिष्कमा पनि असर गर्न सक्छ ।

हाच्छिउँ रोक्दा कानको जाली फुटेको वा घाँटीका नसाहरूमा चोट लागेको घटनाहरू समेत चिकित्सा रिपोर्टहरूले देखाएका छन् । यसबाहेक, अत्यधिक दबाबले गम्भीर टाउको दुख्ने, चक्कर लाग्ने वा घाँटी सुन्निने समस्या निम्त्याउन सक्छ ।

रक्तनलीहरूमा बढ्दो दबाबले गम्भीर जटिलताहरू निम्त्याउने दुर्लभ घटनाहरू समेत हुन्छ । यसबाहेक, यसले मस्तिष्कलाई असर गर्न सक्छ, सम्भावित रूपमा मृत्यु पनि निम्त्याउन सक्छ । त्यसकारण, विज्ञहरूले हाच्छिउँलाई आउन दिन र जबरजस्ती नरोक्न सुझाव दिन्छन् । यदि कुनै अप्ठ्यारो परिस्थितिमा हाच्छिउँ आउन खोजेको महसुस हुन्छ भने, यसलाई रोक्न प्रयास गर्नुको सट्टा,राम्ररी छोड्ने प्रयास गर्नु राम्रो हुने विज्ञहरूको भनाइ छ ।

हाच्छिउँ गर्दा नजिकै भएका अरूलाई संक्रमण फैलिनबाट रोक्नका लागि आफ्नो मुख र नाकलाई रुमाल वा टिस्युले हल्का रूपमा छोप्नुपर्छ । यदि टिस्यु उपलब्ध छैन भने, आफ्नो कुहिनाको भित्री भागमा हाच्छिउँ गर्नुपर्छ । हाच्छिउँ गरेपछिहात साबुनले राम्ररी धुनुपर्छ ।

रुपन्देही...

### सुशिल गुरूङ : संसदीय राजनीतिमा पहिलो प्रतिस्पर्धा

२०३५ साल बैशाखमा जन्मेका सुशिल गुरूङ अहिले सिद्धार्थनगर नगरपालिका वडा नं. १, नयाँगाउँ भैरहवाका स्थायी बासिन्दा हुन् । व्यवस्थापनमा स्नातकोत्तर (एम.बी.एस.) पूरा गरेका गुरूङ २०५१ सालमा ने.वि.संघको साधारण सदस्य बनेर विद्यार्थी राजनीतिबाट पार्टीमा उदाएका युवा नेता हुन् । विद्यार्थी राजनीतिबाट खारिएर आएका गुरूङ तीन दशकभन्दा लामो राजनीतिक तथा सामाजिक यात्राबाट अनुभवी संगठक र समाजसेवी नेताका रूपमा परिचित छन् ।

२०५४ सालमा ने.वि.संघ भैरहवा बहुमुखी क्याम्पस ईकाइ अध्यक्ष,२०५५ सालमा भैरहवा बहुमुखी क्याम्पस स्व.वि.यु. उपसभापति, २०५७ सालमा स्व.वि.यु. भैरहवा बहुमुखी क्याम्पस सभापति, २०५७ सालमा स्व.वि.यु. परिषद केन्द्रिय सह-सचिव,२०६१ सालमा ने.वि.संघ, रूपन्देही अध्यक्ष बनेर काम गरे ।

२०६२/०६३ को दोस्रो जनआन्दोलनमा सक्रिय भूमिका निर्वाह गरेका गुरूङ २०६७ को नेपाली कांग्रेसको १२औं महाधिवेशनबाट रूपन्देही क्षेत्र नं.३ का लागि निर्वाचित क्षेत्रीय सचिव,२०७२ को १३औं महाधिवेशनबाट रूपन्देही क्षेत्र नं.३ का लागि पुनः निर्वाचित क्षेत्रीय सचिव,२०७८ को नेपाली कांग्रेसको चौधौं महाधिवेशनबाट रूपन्देही क्षेत्र नं.३ का लागि निर्वाचित क्षेत्रीय सभापति निर्वाचित गुरूङ अहिले पनि रूपन्देही ३ का क्षेत्रीय सभापति छन् ।

कांग्रेसको दोस्रो विशेष महाधिवेशनमा गगन-विश्वप्रकाश समूहमा खुलेका गुरूङ फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा उम्मेदवार बनेका छन् । राजनीतिसँगै सामाजिक संघसंस्थामा पनि क्रियाशील रहँदै आएका गुरूङ सिद्धार्थ जेसिजको पूर्व अध्यक्ष, नेपाल रेडक्रस सोसाइटी, बेलहिया उपशाखाको पूर्व अध्यक्ष,लायन्स क्लब अफ होलिसिटी सिद्धार्थनगरको पूर्व अध्यक्ष, पक्लिहवा माध्यमिक विद्यालय व्यवस्थापन समितिको दुईपटक अध्यक्ष, सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ सिद्धार्थनगरको पूर्व अध्यक्ष र महासंघको पूर्व केन्द्रीय सदस्य, सिद्धार्थनगर नगरपालिकाको 'शिक्षा समिति' सदस्य, नेपाल रेडक्रस सोसाइटी, रूपन्देहीको उप-सभापति तथा रक्त सञ्चार सेवा समिती रूपन्देहीको संयोजक र लायन्स डिष्ट्रिक्ट ३२५ 'पि' को डिष्ट्रिक्ट सल्लाहकार रहेर सामाजिक क्षेत्रमा पनि गुरूङ स्थापित छन् ।

सुशासन, समृद्धि, सेवा र समानतालाई आफ्नो राजनीतिक मूल्य मान्यता बताउने गुरूङ पहिलोपटक संसदीय यात्राको प्रतिस्पर्धामा छन् ।

विद्यार्थी राजनीतिदेखि पार्टी नेतृत्व, लोकतान्त्रिक आन्दोलन र सामाजिक सेवासम्मको लामो अनुभव बोकेका गुरूङ अहिले रूपन्देही-३ गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा सञ्चालन गरी पर्यटन विकास, शिक्षा, स्वास्थ्य र सुशासनका एजेण्डा अघि सारेर संघीय सांसद बन्ने दौडमा छन् । बेलहियामा निर्माणाधीन आईसीपी, मोतीपुर औद्योगिक क्षेत्र,बेलहिया नाका, लगानीमैत्री वातावरण निर्माण आफ्ना प्राथमिकतामा रहेका गुरूङको प्रतिबद्धता छ ।

### गौरव बोहरा : बुबाका अधुरा सपना पूरा गर्न राजनीतिमा

२०३३ सालमा भैरहवामा जन्मेका गौरव बोहरा स्वर्गीय दीपक बोहराका जेठा छोरा हुन् । भैरहवामै विद्यालय तहको अध्ययन गरेका गौरवले एसएलसी भने भारतबाट गरेका हुन् । एसएलसी पछि उनी भारतमै एभिएसन (उड्डयन) विषयमा पीपीएल पूरा गरे । त्यसलगत्तै रूस गएर एभिएसनकै सीपीएल तहको अध्ययन र हेलिकोप्टर उडाउने तालिम पूरा गरे ।

सन् १९९५ मा नेपाल फर्केर गौरवले नेपाल एअरवेजमा २ वर्ष काम गरे । त्यसपछि १९९७ मा उड्डयन क्षेत्रको माथिल्लो तह एटीपीएलका लागि गौरव अमेरिका पुगे । अमेरिकामा एटीपीएल कोर्स पूरा गरेर उनी पुनः काठमाडौं फर्केर बुद्ध एअरको पाइलटको जागिर सुरु गरे । जुनियर को-पाइटलबाट जागिरि शुरू गरेका उनले विभिन्न तह पार गर्दै सिनियर पाइलट (क्याप्टेन) र प्रशिक्षक (इन्स्ट्रक्टर) पाइलट बने ।

पाइलट पेशामा निकै मेहनत र संघर्ष गरेर चरणवद्ध रूपमा एकपछि अर्को तहमा उत्कृष्ट हुँदै सबैभन्दा माथिल्लो तह इन्स्ट्रक्टर पाइलटसम्म आइपुगेको गौरव बताउँछन् ।

विदेशमा भएको भए गौरवको योग्यता अनुसार मासिक तलब १७ हजार डलर हुन्थ्यो । तर उनी थुप्रै अफर आए पनि विदेश गएनन् । आफू पाइलट भए पनि राष्ट्रिय राजनीतिमा स्थापित आफ्नो बुबा दीपक बोहरा (हाल स्वर्गीय) लाई चुनाव र अन्य विशेष समयमा गौरवले सघाउँथे । त्यसैले उनले राजनीति र चुनावलाई नजिकबाट नियालिरहेका थिए ।

पछिल्लो पटक २०७९ को प्रतिनिधिसभा सदस्य चुनावमा प्रतिकूल स्वास्थ्यका कारण बोल्न नमिल्ने अवस्थामा पनि बुबा दीपक बोहराले चुनाव जिते । उनको जितमा नेकपा एमालेको साथ थियो । चुनाव जितेपछि पनि उनको स्वास्थ्यमा सुधार आएन र संसदमा एकपटक पनि बोल्न नसकी दुई वर्ष अघि मृत्यु भयो ।

बुबाको मृत्युपछि गौरव बुबाको अधुरा सपना पूरा गर्ने अठोटका साथ पाइलट पेशालाई विश्राम दिँदै राजनीतिमा होमिएका छन् । रूपन्देही ३ मा हुने भनिएको उप-निर्वाचनमा पनि गौरव उम्मेदवार सिफारिश भएका थिए । जेन जी आन्दोलनका कारण उप-चुनाव हुन पाएन र फागुन २१ गते नयां चुनावको मिति तोकियो ।

गौरवले अघिल्लो चुनावमा बुबाले अघि सारेका योजना र अधुरा सपना पूरा गर्ने उद्देश्यका साथ आफू उम्मेदवार बनेको बताए ।

'बुबाको निधनपछि यहाँका मतदाता,पार्टी कार्यकर्ताले हामी टुहुरो भयौं, अब तपाईं बुबाको उत्तराधिकारी भएर राजनीतिमा हाम्रो अभिभावक बन्नुपर्छ भन्दै सयौंजनाले फोन गर्नुभयो, थुप्रै भेट्न आउनुभयो, उहांहरूको दबाब र मायाले म बुबाले अघि सारेका योजना पूरा गर्न र बुबाले देखेका विकासका सपना पूरा गर्न राजनीतिमा आएं,' गौरवले भने-'म चुनावी मैदानमा उत्रिएको छु, जित्छु नै भन्ने छ, कथंकदाचित हारें भनेपनि म अब पाइलट पेशामा फर्किन्न, राजनीतिमा निरन्तर लागिरहन्छु ।'

राजनीतिमा होमिएपछि गौरवको परिचय अब आकाशमा जहाज उडाउने सिनियर पाइलटको साटो जमिनमा राष्ट्र र समाजका मुद्दा उठाउने नयाँ राजनीतिज्ञका रूपमा फेरिएको छ ।

'पाइलट पेशाले मलाई निरन्तर अनुशासनमा रहन, जिम्मेवारी वहन गर्न, सेवाभाव र जोखिम व्यवस्थापनको पाठ सिकाएको छ,' गौरवले भने-'अब त्यो पेशागत ज्ञान र संस्कारलाई राजनीतिमा पनि फरक दृष्टिकोणका लागू गर्छु ।'

उनका अनुसार आकाशमा गरिने सानो गल्तीले ठूलो क्षति ल्याउन सक्छ, त्यस्तै राजनीतिमा पनि लागू हुने भएकाले राष्ट्रियता र नागरिक हितलाई केन्द्रमा राखेर आफूले संसदमा भूमिका खेल्ने गौरवको प्रतिबद्धता छ ।

अहिले मुलुकको सबैभन्दा ठूलो समस्या भ्रष्टाचार भएकाले भ्रष्टाचार नियन्त्रणका लागि कडा कानून निर्माण, सुशासन प्रवर्द्धन, गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा सञ्चालन, विमानस्थल हुँदै नेपाली कृषि उपज, फलफूल र तरकारी विदेश निर्यातको वातावरण बनाउने आफ्नो प्राथमिकतामा रहेको बोहरा बताउंछन् । आफू पाइलट भएकाले आफ्नो गृहनगरमा अर्बौं लगानीमा बनेको विमानस्थल पूर्ण क्षमतामा चल्न नसक्दा निजी क्षेत्रले होटेल र पर्यटनमा गरेको एक खर्ब हाराहारीको लगानी संकटमा परेको देखेर आफूलाई केही वर्षदेखि नै चिन्ताले बेचैनी भइरहेको गौरवले बताए ।

'गौतमबुद्ध विमानस्थल पूर्ण क्षमतामा कसरी चलाउन सकिन्छ भन्ने मसंग उपायहरू छन्,संसदमा गएर यही मुद्दालाई सबैभन्दा पहिला उठाउंछु,' बोहरा भन्छन्-'विमानस्थल पूर्ण क्षमतामा चलेपछि भैरहवा पर्यटकीय शहर बन्छ, लगानीमैत्री वातावरण बन्छ र हजारौं रोजगारी सिर्जना गर्न सकिन्छ ।' सांसद भएपछि नागरिकको अपेक्षाअनुसार सेवाभाव र इमानदारीसाथ मुलुकको हितमा काम गर्ने बोहराको प्रतिबद्धता छ ।

### डा. लेखजंग : बिरामी जाँच्न छाडेर दल बदल्दै सांसद बन्ने दौडमा

२०३४ साल भदौ १ गते रूपन्देहीको अञ्चलपुरमा जन्मिएका डा. लेखजंग थापा भैरहवाका स्थायी बासिन्दा हुन् । भैरहवामा हुर्किएका उनले भैरहवाकै लुम्बिनी शिशु सदनबाट एसएलसी उत्तीर्ण गरे । पढाइमा उत्कृष्ट थापाले काठमाडौंको नेपाल साइन्स क्याम्पसमा बायोलोजी विषयमा प्लस टु गरे । छात्रवृत्तिमा एमबीबीएस, एमडी (आन्तरिक चिकित्सा) र डीएम (न्युरोलोजी) अध्ययन पूरा गरेका उनी नेपालका अग्रणी स्नायु रोग विशेषज्ञमध्ये एक मानिन्छन् ।

हाल राष्ट्रिय न्युरो केन्द्र काठमाडौंमा न्युरोलोजी विभागका निर्देशक तथा प्रमुखको रूपमा कार्यरत थापा मनमोहन मेमोरियल मेडिकल कलेजका वरिष्ठ न्युरोलोजिस्ट, नेपाल स्ट्रोक संघका संस्थापक तथा अध्यक्ष र विश्वस्तरीय न्युरोलोजी तथा स्ट्रोक नेटवर्कहरूसँग पनि आबद्ध छन् ।

क्लिनिकल सेवासँगै अनुसन्धान, नेतृत्व र जनस्वास्थ्य उनको मुख्य चासोका क्षेत्र हुन् । उनले नेपालमा पहिलो पटक थ्रोम्बोलाइसिस थेरापी प्रयोग, दुर्लभ न्युरोलोजिकल रोगहरूको पहिचान र नेपाल स्ट्रोक परियोजनामार्फत अन्तर्राष्ट्रिय सहकार्यमा अनुसन्धानको नेतृत्व गरेका छन् । सार्वजनिक स्वास्थ्यमा डा. थापाको सक्रियता उल्लेखनीय छ । भैरहवामा पहिलो न्युरोलोजी केन्द्र स्थापना, ग्रामीण क्षेत्रमा नियमित ओपीडी सेवा, स्ट्रोक र अपस्मारसम्बन्धी जनचेतना अभियान तथा युवा र विद्यालयहरूसँग सहकार्य उनका प्रमुख पहलहरू हुन् । शिक्षा र स्वास्थ्य सुधारका लागि विभिन्न सामाजिक कोष स्थापना तथा सहयोगमा पनि उनी संलग्न छन् ।

नेपालमा पक्षघातले मान्छेको ज्यान लिने स्वास्थ्य समस्या नजिकबाट नियालेका उनले पहिलोपटक यसको उपचारमा राज्यको दायित्व हुनुपर्ने वहस पैरवीको नेतृत्व गर्दै कार्यान्वयनमा ल्याउन सफल भए । हाल सात वटै प्रदेशमा पक्षघातको औषधि उपचारमा राज्यले दायित्व लिएको डा. थापाको भनाइ छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा प्राप्त सम्मान र पुरस्कार प्राप्त गरेका थापा एक कुशल चिकित्सक मात्र नभई स्वास्थ्य प्रणाली सुधारमा प्रतिबद्ध सार्वजनिक व्यक्तित्वका रूपमा स्थापित छन् ।

आफ्नो पेशामा राम्रै ख्याति कमाएका लेखजंग पछिल्लो वर्ष राजनीतिमा आकर्षित छन् । उनी कहिले विवेकशील साझा त कहिले नागरिक उन्मुक्ति पार्टीमा लागेर राजनीतिक अवसरको लाभ लिन लालायित देखिएका छन् । उनी २०७९ को चुनावमा नागरिक उन्मुक्ति पार्टीबाट समानुपातिक सांसदको उम्मेदवार थिए । उनले आफ्नो दुई मध्ये एक श्रीमतीलाई प्रदेश योजना आयोगको सदस्यमा नियुक्त समेत गराएका थिए । रूपन्देही ३ को उपचुनावताका उनी रास्वपामा जोडिए । उपचुनावको प्राइमरी इलेक्सन र अन्य शीर्षकमा पाएको अंकका आधारमा भन्दै उनले टिकट पाए । तर उनले टिकट पाएको विषय निकै विवादित भयो । प्राइमरी इलेक्सनमा कसले कति मत पाएर उनले टिकट हात पारे भन्ने विषय पारदर्शी भएन ।

उपनिर्वाचनका आकांक्षीमध्ये अन्तिम ९ जनामा परेका सुलभ खरेल, मधु अर्याललगायतले लेखजंगले टिकट पाएकोमा गोप्यरूपमा चर्को असन्तुष्टी जनाउंदै काठमाडौंका मिडियाहरूमा अन्तर्वार्ता समेत दिए । टिकट पाएपछि दुई श्रीमतीको विवादमा पनि उनी मुछिए । टिकट फुत्किने डरले उनले एक श्रीमतीसँग सम्बन्धविच्छेद गरेको कागज सार्वजनिक गरे । यद्यपि यो विषयलाई पनि धेरैले कानूनी फन्दाबाट उम्किने प्रयास मात्र भएको टिप्पणी गरेका छन् ।

पार्टी सभापति रवि लामिछानेलाई सहकारी ठगी मुद्दामा बिगो वापत मोटो रकम जोहो गरिदिएवापत उनले टिकट फुत्काएको आरोप उनीमाथि लाग्ने गरेको छ ।

डा. थापामाथि बिरामीको उपचार भारतको गोरखपुरमा गर्ने भन्दै चर्को शुल्क लिने गरेको आरोप पनि लाग्ने गरेको छ । उनै डा. थापा अहिले बिरामी जाँच्ने र उनीहरूलाई निको बनाउने चिकित्सा पेशालाई छाडेर आफूलाई अनुभव नभएको राजनीतिमा होमिएका छन् । नवजात शिशु स्वस्थरूपमा जन्मिए मात्रै उनीहरू भविष्यमा निरोगी र स्वस्थ हुने भएकाले हरेक गर्भवतीको स्वास्थ्यलाई राज्यले प्राथमिकता दिनुपर्ने, स्वास्थ्य वीमा प्रणालीलाई सुदृढ र थप विस्तार गरी सरकारी र स्तरीय सबै निजी अस्पतालमा विशेषज्ञ डाक्टरबाटै चेकजांच र उपचार हुनेगरी विस्तार गर्ने आफ्नो पहिलो प्राथमिकता रहेको थापाले बताए । सीपमूलक, रोजगारमूलक प्राविधिक शिक्षा, कृषि र उद्योगमैत्री वातावरण निर्माण, वातावरण संरक्षण, प्रदूषण नियन्त्रण र नेपालको अन्तर्राष्ट्रिय सम्बन्धलाई पञ्चशील सिद्धान्तमा आधारित एकदमै सन्तुलित र विश्वसनीय बनाउन सांसदका रूपमा भूमिका खेल्ने थापाका प्रतिबद्धता छन् ।

१ लाख ४० हजार ३५ मतदाता रहेका यो क्षेत्रमा २०७९ सालको चुनावमा ९० हजार मत खसेको थियो । जसमा समानुपातिकतर्फ नेपाली कांग्रेसले २० हजार २७८ मत पाएको थियो । एमालेले १६ हजार ९८६ मत पाउँदा रास्वपाले १४ हजार १५४ र राप्रपाले ९ हजार १८३ मत पाएको थियो ।

त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार र जसपा नेपालले ५ हजार मत पाएको थियो । लोसपाले ५ हजार, जनमत पार्टीले ३ हजार ७०० मत पाएका थिए ।

यो क्षेत्रमा माओवादी केन्द्रले २ हजार ६००, जनमुक्ति पार्टीले १ हजार ९००, हाम्रो नेपाली पार्टी (लौरो)ले १ हजार ३४७ र नेकपा एकीकृत समाजवादीले ७८१ मत पाएका थिए ।

२०७९ मा एमालेसँगको गठबन्धनबाट राप्रपाका दीपक बोहरा ३६ हजार ७१७ मत पाएर विजयी भएका थिए । उक्त चुनावमा तत्कालीन गृहमन्त्री बालकृष्ण खाँण २ हजार ६८१ मतले पराजित भएका थिए । खाँणले ३४ हजार ३६ मत पाएका थिए । उक्त चुनावमा कांग्रेसले माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादीलगायतका दलसँग गठबन्धन गरेको थियो ।


# Rohini Rural Municipality

## Office of the Rural Municipal Executive

Dhakdhai, Rupandehi
Lumbini Province, Nepal
Phone No.: 071-411047 Website: www.rohinimun.gov.np Email: rohinigaupalika1@gmail.com

## Invitation for Electronic Bids

**Date of First Publication : Mar 1st, 2026 (Falgun 17th, 2082)**

The Rohini Rural Municipality, Office of the Rural Municipal Executive, Dhakdhai, Rupandehi invites online Bids under e-procurement System in the www.bolpatra.gov.np from eligible bidders for the following works. The bidders can visit the PPMO website for the brief description with public entity name: Rohini Rural Municipality or may visit the Office at Dhakdhai, Rupandehi with in Office hours.

| S.N | . Contract ID | Name Of Project | Description of Project Works | Estimated Amount (Including VAT & PS) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | 13/SQ/Works/RRM/2082-83 | Construction of Temple in Rohini-7 and Boundary Wall in Rohini-6. | 1. Manoharapur Mandir Nirman Rohini-7 (Shiva Mandir & Ram Janaki Mandir). 2. Wada No 6 Parsa Kotahimai Mandir Boundary Wall Nirman. | 1946268.47 | 45000 | 1,000.00 |

**Additional Information required for the Submission of Bid Document**

| Account No. for Bid Security Amount | Account No. for Bid Document fee | Final Submission Date & Time | Bid Opening Date & Time | Bid Security Validity Period required for all the Projects |
|---|---|---|---|---|
| NIC ASIA Bank Ltd., Dhakdhai Branch, Dharauti Khata No. 9441498734524002 | NIC ASIA Bank Ltd., Dhakdhai Branch, Antarik Rajsaw Khata No. 0942050029211003 | March 15th , 2026 (Chaitra 1st , 2082) At 12:00 pm | March 15TH , 2026 (Chaitra 1st ,2082) At 15:00 pm | 75 Days |

**- Bidders are advised to read the corresponding Bid Document carefully before the submission of bid.**

**Chief Administrative Officer**

# नवलपुरमा आचारसंहिताको व्यापक उल्लंघन

नवलपुर । फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यको निर्वाचनको मिति नजिकिँदै गर्दा नवलपुरका साना ठूला राजनीतिक दलहरूले चुनावी प्रचारप्रसारमा व्यापक आचारसंहिता उल्लंघन गर्ने गरेको पाइएको छ ।

ठूला ठूला आवाजमा ध्वनी प्रदूषण हुने गरी बाजागाजा (माइक) बजाएर हिड्नेदेखि निर्वाचन चिन्हको भौतिक स्वरूप नै बोकेर हिड्नेसम्म गरेको पाइएको छ । त्यसैगरी नवलपुरका निर्वाचित जनप्रतिनिधिहरू पनि आफ्नै निर्वाचन क्षेत्रमा खुलम खुल्ला मत माग्दै हिड्ने गरेको पाइएको हो ।

मौन अवधि सुरु हुने मिति नजिकिँदै गर्दा नवलपुरमा ठूला दलहरूको चुनावी चहलपहल बढेको छ जसमा व्यापक आचारसंहिता उल्लंघनका घटना भएका छन् । ठूलो संख्यामा मोटरसाइकलसहित ऱ्याली गर्ने, आवश्यकताभन्दा धेरै माइकिङ्ग प्रयोग गर्ने, ठूला ठूला झण्डाहरू प्रयोग गर्ने जस्ता कामहरू भएका छन् ।

नवलपुरका प्रमुख जिल्ला अधिकारी भविश्वर पाण्डेले आफूसँग मोटरसाइकल ऱ्याली गर्न अनुमति मागे पनि निर्वाचन आचारसंहिता विपरित हुने भन्दै अनुमति नदिएको बताए तथापि यहाँ नेपाली काँग्रेस, नेकपा एमाले र रास्वपाले ठूला र लामो दुरीको मोटरसाइकल ऱ्याली गरेका छन् । जिल्ला निर्वाचन कार्यालय नवलपुरको आयोजनामा कावासोतीमा भएको पत्रकारसँग छलफलमा समेत यि कुराहरू उठेका थिए ।

निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन अधिकृतको कार्यालय र अनुगमन समितिहरू यस विषयमा मुकदर्शक बनेर बसेको पत्रकारहरूले उल्लेख गरेका थिए । कार्यक्रममा पत्रकार राजु सुवेदी कल्पितले निर्वाचन आचारसंहिता पत्रकारले मात्रै पालना गर्नु पर्ने जस्तो गरी पत्रकार तथा सञ्चारमाध्यमलाई मात्र अनुगमन र निगरानी गर्ने गरेको तर उम्मेदवार, जनप्रतिनिधि र दलहरूले भने निर्वाचन आचारसंहिता पालना नगरे पनि सम्बन्धित निकायले कुनै कारबाही गर्ने वा सचेत गर्ने नगरेको पाइएको बताए । त्यसैगरी कार्यक्रममा पत्रकार खगेन्द्र पराजुलीले निर्वाचित जनप्रतिनिधिहरू नै आफू निर्वाचित क्षेत्रमा दलका झण्डा नै बोकेर उम्मेदवारका लागि मत माग्दै हिड्ने गरेको पाइएको बताए ।

कार्यक्रममा अर्का पत्रकार बोमलाल गिरीले निर्वाचन आचार संहितामा तोकिएका भन्दा ठूला ठूला झण्डा, प्रचार सामग्री, ध्वनी प्रदूषण हुने गरी माइकिङ गर्दै हिडेको प्रष्ट देखिएको उल्लेख गर्दै कारबाही भए नभएको जिज्ञासा राखेका थिए ।

# Madhyabindu Municipality

## Office of Municipal Executive

**Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)**
**Gandaki Province, Nepal**

## Invitation for Bid

First Date of publication : 2026-3-01

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Civil work.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Estimate Amount (With VAT& PS) | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| 29/SQ/MB/ WORKS/ 2082/83 | Construction of Compound wall and sabhahall at ward number 3 | SQ-WORKS | 1549493.01 | 1000/- | 40,000 | 45 days/75 days after bid opening | 2026-03-16 12.00 | 2026-03-16 14.00 |
| 30/NCB/MB/ WORKS/ 2082/83 | Aatheri Khola Culvert Nirman, Madhyabindu-09 | NCB-WORKS | 96,42,669.21 | 3000/- | 2,50,000.00 | 90 days/ 120 days after bid opening | 2026-03-31 12.00 | 2026-03-31 14.00 |
| 31/NCB/MB/ WORKS/ 2082/83 | SadakPeti Marmat Tatha Nirman | NCB-WORKS | 48,49,107.33 | 3000/- | 1,25,000.00 | 90 days/ 120 days after bid opening | 2026-03-31 12.00 | 2026-03-31 14.00 |

**Chief Administrative Officer**

**Government of Lumbini Province**
**Ministry of Health**
**Health Directorate**

# Health Office

**Palpa**

## Invitation for Online Bids

Date of publication: 1st March 2026(2082/11/17)

Health Office, Palpa invites electronic bids from eligible bidders under PPMO'S e-GP system www.bolpatra.gov.np/egp for the following work. All other information and Bid Document can be downloaded from PPMO's e-GP system.www.bolpatra.gov.np/egp

| S. N. | Contract No. | Name of Project | Estimated Amount (exclusive VAT and PS)NRs. | Bid Document Fee, NRs. | Bid Security Amount NRs. |
|---|---|---|---|---|---|
| 1 | HoPalpa/ NCB-01/ 2082-083 | Supply and installation of goods for open gym at different ground at Palpa district, Palpa | 42,92,406.44 | 3,000.00 | 1,30,000.00 |

# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**कुञ्जलापुर, मणिग्राम, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

## बोलपत्र/दरभाउ पत्र स्वीकृत गर्ने आशयको सूचना ।

सूचना प्रकाशित मितिः२०८२-११-१७

यस तिलोत्तमा नगरपालिकाको चालु आ.व.२०८२/८३को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालय बाट तपशिलको कार्य गर्नको लागि विभिन्न मिति २०८२-०९-२३मा प्रकाशित विद्युतिय बोलपत्र/दरभाउ पत्र आह्वानको सूचना अनुसार निम्न कार्यको लागि पेश भएका बोलपत्र/दरभाउ पत्र मध्येबाट यस कार्यालयको मूल्याङ्कन समितिको विभिन्न मितिमा बसेको बैठकको निर्णय अनुसार न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिएको तपशिलको बोलपत्र/दरभाउ पत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं | ठेक्का नं | छनौट भएको बोलपत्रदाताको नाम ठेगाना | कार्यको विवरण र स्थान | कवोल रकम रु. |
|---|---|---|---|---|
| १ | NCB/TM/W/४३/२०८२/२०८३ | अनुसुया कन्ट्रक्सन कम्पनी प्रा.ली., तिलोत्तमा ४ | मानवसेवा आश्रम भवन निर्माण तिलोत्तमा ६ | ८८१५८६६.८७ |
| २ | NCB/TM/W/४४/२०८२/२०८३ | अनुसुया कन्ट्रक्सन कम्पनी प्रा.ली., तिलोत्तमा ४ | करहियास्वास्थ्य चौकी निर्माण तिलोत्तमा ८ | १८८९९९४.५ |
| ३ | NCB/TM/W/४६/२०८२/२०८३ | पौडेल तेज कन्ट्रक्सन एण्ड सप्लायर्स, काठमान्डौ | प्रगती चोक देखी चपरहट्टी पुल सम्म नाली तथा सडक निर्माण तिलोत्तमा १ | १८३३८२५.१ |
| ४ | SQ/TM/W/४७/२०८२/२०८३ | आर.ए. कन्स्ट्रक्सन, तिलोत्तमा ७ | डेथी पथकानपारा कुलो देखी मैनहवा सम्म सडककालोत्रे १० | ११७३०१२ |
| ५ | SQ/TM/W/४८/२०८२/२०८३ | अनुसुया कन्ट्रक्सन कम्पनी प्रा.ली., तिलोत्तमा ४ | रामनगर पथ सडक निर्माण तिलोत्तमा ७ | ११२८३५०.७३ |

स्थानीय सरकार

# धुर्कोट गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

**बर्वोट, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

## सिलबन्दी दरभाउपत्र स्वीकृति सम्बन्धी सूचना

(सूचना प्रकाशित मितिः २०८२/११/१७)

यस कार्यालयबाट मिति २०८२/१०/२३ गते राष्ट्रिय दैनिकमा प्रकाशित सूचना बमोजिम तपसिलका ठेक्काको E-Bidding मार्फत् पेश हुन आएका दरभाउपत्रहरूमध्ये निम्न दरभाउपत्रदाताहरूको दरभाउपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजिनक खरिद नियमावली २०६४ को नियम ८४ उपनियम १० को प्रयोजनार्थ उक्त सिलबन्दी दरभाउपत्रहरू स्वीकृतिको लागि यो सूचना सम्बन्धित सबैको जानाकारीको लागि प्रकाशन गरिएको छ।

**तपसिल**

| ठेक्का नं. | कार्यको विवरण | दरभाउ पत्रका लागि पेश भएको दरभाउ पत्रदाताको नाम ठेगाना | स्वीकृतीको लागि पेश भएको कबोल अंक |
|---|---|---|---|
| ODRM-Gulmi-W-SQ-31-082/83 | Construction and Maintenance work of Nayagaun and Pipaldhara Health Post at Dhurkot RM-1 and 2, Gulmi | Janaki Gopal Construction and Suppliers Pvt. Ltd. Resunga Municipality-08,Gulmi | 7,22,576.14 NRs (With Vat) |
| ODRM-Gulmi-W-SQ-32-082/83 | Construction and Maintenance work of Dhurkot Phc, khahare and Wagla Health Post at Dhurkot RM-6,4 and 7 , Gulmi | Dohalistar Construction & Suppliers Pvt.Ltd.. Isma Rural Municipality-04,Gulmi | 6,87,282.85 NRs (With Vat) |
| ODRM-Gulmi-W-SQ-33-082/83 | Construction work of Educational Infrastructure Quality Improvement and Sanitation Programme(Bhagwati Mavi) at Dhurkot RM-07,wagla, Gulmi | Dohalistar Construction & Suppliers Pvt.Ltd.. Isma Rural Municipality-04,Gulmi | 10,96,750.96 NRs (With Vat) |

प्रमुख प्रशासकीय अधिकृत

**LUMBINI PROVINCIAL GOVERNMENT**
**MINISTRY OF ENERGY WATER RESOURCES AND IRRIGATION**
GROUNDWATER RESOURCES AND IRRIGATION DEVELOPMENT DIVISION OFFICE, RUPANDEHI

## Notice for Invitation of Online Bids

**(First Date of Publication : 2082/11/10 (Feb-22,2026)**

Groundwater Resources & Irrigation Development Division Office, Rupandehi invites Online bids only under e-procurement system from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures. All other information and Bid Document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp. All eligible bidders are requested to submit E-Bid only as per instructions within the mentioned period.

| S.N. | Contract No | Description of Works | Cost Estimate w (Without VAT & PS) | Bid Document Fee ( NRs.) | Bid Security Amount (NRs.) | Bid/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | GWRIDD/ SYSTEM/ SQ/11/2082-83 | Construction of Pump house, Reservoir tank and supply and installation of pump in Madanpokhara deep tubewell Irrigation Project At Tansen 8, Madanpokhara palpa | 1278456.95 | 1000.00 | 36000.00 | 45/75 days from last date of bid submission |
| 2 | GWRIDD/ SYSTEM/ SQ/12/2082-83 | Construction of Pump house, Reservoir tank and supply and installation of pump in Majha deep tubewell Irrigation Project At Tansen 9, palpa | 1707730.41 | 1000.00 | 48000.00 | |
| 3 | GWRIDD/ SYSTEM/ SQ/13/2082-83 | Construction of Pump house and eletrification work in Madi thatiya deep tubewell Irrigation Project At Baganashkali 2, palpa | 1626258.06 | 1000.00 | 48000.00 | |
| 4 | GWRIDD/DS/ SQ/14 /2082-83 | Construction of Upvc Water Distribution System at Shanti Deep Tubewell, Gaidahawa-07, Rupandehi. | 1024149.45 | 1000.00 | 30000.00 | |

**Division Chief**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# बुटवलको वडा नं. १२ र १३ मा नेकपाको घरदैलो



बुटवल । रूपन्देही क्षेत्र नं. २ का उम्मेदवार विश्वदीप पाण्डे 'सुवास'ले शनिबार बुटवल उप-महानगरपालिका वडा नं. १२ र १३ का विभिन्न बस्तीमा आफ्नो पक्षमा मत माग्दै घरदैलो गरेका छन् ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का युवा नेता विश्वदीपले सयौं नेता कार्यकर्तासँगै घरदैलोमा पुग्दा आफूहरूले पाएको जनसमर्थन, माया र उत्साहले आफूहरू जीत नजिक पुगेको बताए ।

अबका सिमित दिनहरू विजयका लागि निकै महत्वपूर्ण रहेको भन्दै उनले मतदान सम्पन्न नहुँदासम्म मतदाता अत्यन्तै चनाखो रहनुपर्ने उल्लेख गरे । घरदैलोका क्रममा बुटवलका वडा नं. १२ र १३ का विभिन्न टोल र बस्तीमा पुगेका उम्मेदवार पाण्डेले मतदातालाई आफ्नो भोट सुरक्षित गर्दै तारा चिन्हमा मतदान गरेर अग्रगामी परिवर्तनको पक्षमा उभिन आग्रह समेत गरे ।

रूपन्देही-२ निर्माणका लागि आफूलाई मतदान गरेर नेतृत्वको जिम्मेवारी दिने बेला नजिक आइपुगेको भन्दै उनले दीर्घकालीन हितका लागि सचेत र विवेकपूर्ण निर्णय लिन अपिल गरे ।

उम्मेदवार विश्वदीपले घरदैलोका क्रममा विकास र सुशासनका विषयमा स्पष्ट धारणा राख्दै जनताका समस्या सुन्ने गरेका छन् । यसपटकको निर्वाचनमा रूपन्देही क्षेत्र नं.२ का जनताले नेतृत्व परिवर्तनको पक्षमा स्पष्ट रूपमा अभिमत प्रकट गर्न चाहेको उल्लेख गर्दै उनले परिवर्तनलाई संस्थागत गर्ने ऐतिहासिक दिन फागुन २१ गते विवेकपूर्ण निर्णय गर्न आग्रह गरे ।

तारा चिन्हका उम्मेदवार विश्वदीपले घरदैलो अभियान अन्तिम चरणमा पुगे पनि जनताका दुःख-सुखमा साथमा रहने दिनहरू भने अब सुरु भएको धारणा राखेका थिए ।

घरदैलोको क्रममा नागरिकले विकास, रोजगारी, शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधारजस्ता आधारभूत क्षेत्रमा ठोस परिवर्तनको अपेक्षा राखेको पाइएको निर्वाचन परिचालन समितिका संयोजक नारायण जीसी निर्मलले बताए ।

निरन्तर घरदैलोमा रहेका नेपाली कम्युनिष्ट पार्टीका नेता कार्यकर्ताले शनिबार बुटवल क्षेत्रका वडा नं. १२ र १३ का टोल-टोल र बस्तीमा पुग्दै भोट मागेका छन् । उम्मेदवार घरदैलोमा पुग्न नसकेका ठाउँमा स्थानीय कार्यकर्ताले मतदाताको घरमा पुगेर आफ्ना उम्मेदवारको पक्षमा सहयोग मागेका छन् ।

झण्डा, माईक, व्यानर र प्रतिबद्धतापत्रसहित मतदाताका टोल-टोल र घर-घरमा पुगेर चुनावी ऐजेण्डा प्रस्तुत गर्ने गरिएको संयोजक जीसीले बताए । प्रत्येक दिन हरेक वडा र टोलमा उम्मेदवार नपुगे पनि घरदैलो अभियान जारी रहेको उनले उल्लेख गरे ।

# चुन्न पौडेल निरन्तर घरदैलोमा



बुटवल । नेपाली कांग्रेस रूपन्देही-२ चुनाव प्रचारप्रसार तथा निर्वाचन परिचालन समितिले घरदैलो कार्यक्रमलाई तीव्रता दिएको छ ।

चुनाव प्रचारप्रसारका समय अन्तिम चरणमा पुग्दा रूपन्देही-२ मा नेपाली कांग्रेसका प्रतिनिधि सभा सदस्य उम्मेदवार चुन्नप्रसाद शर्मा पौडेल र समानुपातिक उम्मेदवार रीता सेन ओलीसहितको टोलीले घरदैलो कार्यक्रमलाई तीव्रता दिएका हुन् ।

कतै गाडीमा त कतै पैदल घरदैलो गर्ने क्रममा मतदाताले उम्मेदवारहरू पौडेल र ओलीलाई फूलमाला र टीका लगाएर जितको शुभकामना दिएका थिए ।

घरदैलो कार्यक्रमको ११औं दिन तिलोत्तमा नगरपालिका वडा नं. १ र वडा नं २ को घरदैलोका क्रममा सो वडाका मतदाताहरूले उम्मेदवारहरूलाई फुलमाला र टीका लगाएर स्वागत गर्नुका साथै जितेको शुभकामना दिएका हुन् ।

चुनावको मिति नजिकिँदै गर्दा मतदाताले देखाएको सद्भाव, शुभकामना, सुझाव र सल्लाहले कांग्रेस उम्मेदवार पौडेल पनि चुनाव जितिनेमा विश्वस्त देखिन्छन् ।

तिलोत्तमाको घरदैलोका क्रममा सञ्चारकर्मीहरूलाई प्रतिक्रिया दिँदै कांग्रेस उम्मेदवार पौडेलले घरदैलोका क्रममापार्टीकानेताकार्यकर्ताहरूको सक्रिय सहभागिता र मतदाताहरूले देखाएको सद्भावले चुनाव जितिनेमा आफू विश्वस्त भएको बताए ।

घरदैलोका क्रममा स्थानीय बासिन्दाले आफ्ना टोलका सानोतिनो समस्यादेखि लिएर दीर्घकालीन समस्या समेत खुलेर राखेका थिए । उनले स्थानीयका गुनासा टिपोट गर्दै विकास निर्माणका अधुरा कामलाई सम्पन्न गर्ने, टोलस्तरमै योजना छनोट गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे । घरदैलो अभियानका क्रममा स्थानीयले रोजगारी सिर्जना, बजार व्यवस्थापन र आधारभूत पूर्वाधार सुधारमा ठोस कामको अपेक्षा राखेका थिए । उम्मेदवार पौडेलले "विकास कागजमा होइन, व्यवहारमा देखिनुपर्छ" भन्दै आफू परिणाममुखी कार्यमा लाग्ने प्रतिबद्धता जनाए । त्यस क्रममा नेपाली कांग्रेसका सयौं नेता कार्यकर्ताहरूको सहभागिता रहेको नेपाली कांग्रेस रूपन्देही-२ का क्षेत्रीय सभापति तथा निर्वाचन परिचालन समिति संयोजक प्रजापाल गिरीले जानकारी दिए ।

नेपाली कांग्रेसको भातृ संगठन नेपाल तरूण दलको आयोजनामा बुटवलमा बृहत् तरूण भेला सम्पन्न भएको छ । चुनाव नजिकिँदै गर्दा आयोजित भेलाले संगठनात्मक एकता, युवा सक्रियता र चुनावी रणनीतिलाई थप सुदृढ बनाउने उद्देश्य लिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि पूर्व गृहमन्त्री तथा नेपाली कांग्रेसका प्रभावशाली नेता बालकृष्ण खाँणले राष्ट्रियता, संविधान र प्रजातन्त्रमाथि चुनौती बढिरहेको उल्लेख गर्दै नेपाली कांग्रेसको रक्षा गर्नु सबैको पहिलो दायित्व भएको बताए । उनले नेपाल तरूण दल शान्तिप्रिय संगठन भएको स्पष्ट पार्दै भने-"तरूण दल हिंसा गर्दैन, आतंक मच्चाउँदैन, तर पार्टी र तरूण साथीहरूको सुरक्षाका लागि आवश्यक पर्दा एकजुट भएर उभिन्छ । इतिहास साक्षी छ हरेक संघर्षमा तरूण सहभागी हुँदा विजय सुनिश्चित भएको छ ।"

उनले आसन्न निर्वाचनलाई लोकतन्त्रको रक्षा गर्ने विशेष अवसरका रूपमा व्याख्या गर्दै रूख चिन्हमा मतदान गर्न सबैलाई अपिल गरे । भेलामा नेपाली कांग्रेसका तर्फबाट रूपन्देही क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार चुन्नप्रसाद शर्मा पौडेलले युवाशक्ति परिवर्तनको आधार भएको उल्लेख गर्दै सदैव युवाको पक्षमा दृढतापूर्वक उभिने प्रतिबद्धता जनाए ।

उनले अहिले पार्टी युवा नेतृत्वतर्फ अग्रसर भइरहेका बेला यो निर्वाचनलाई विशेष पर्वका रूपमा लिन आग्रह गरे । सो भेलामा कांग्रेस केन्द्रीय सदस्य रामबहादुर कार्की तथा समानुपातिक उम्मेदवार रीता सेन ओली, लुम्बिनी प्रदेशसभा सदस्य जमुना ढकाल, जिल्ला सभापति रामकृष्ण खाँण, क्षेत्रीय सभापति प्रजापाल गिरी, बुटवल उप-महानगरपालिकाका प्रमुख खेलराज पाण्डेलगायतले मन्तव्य राख्दै संगठनको एकता, अनुशासन र सक्रियतामार्फत् निर्वाचनमा विजय हासिल गर्न आह्वान गरे ।

कार्यक्रम तरूण दल क्षेत्र नम्बर २ का क्षेत्रीय सभापति हसन्त लामाको सभापतित्वमा सम्पन्न भएको थियो भने सञ्चालन तरूण दल बुटवल उपमहानगरपालिकाका नगर सभापति सुजन पुनले गरेका थिए । भेलाले चुनावी माहोललाई थप ऊर्जा दिँदै युवाशक्तिलाई संगठित र सक्रिय बनाउने स्पष्ट सन्देश दिएको छ । भेलामा क्षेत्र नं. २ का करिब २ हजार तरूणहरूको सहभागिता रहेको थियो ।

# नवलपरासी १ मा रास्वपा र नेकपाका १८० जना कांग्रेसमा



परासी । राष्ट्रिय स्वतन्त्र पार्टीका नवलपरासी पश्चिम क्षेत्र नं. १ का नेता महेन्द्र हरिजनसहित एक सय ३३ नेपाली काँग्रेस प्रवेश गरेका छन् । सुस्ता गाउँपालिका सदस्य समेत रहेका हरिजनले पार्टीका जिल्ला नेतृत्वलाई सम्बोधन गर्दै दिएको लिखित पत्रमार्फत् आफूले पार्टी परित्याग गरेको घोषणा गरेका हुन् ।

रास्वपा त्यागेका हरिजनले नेपाली कांग्रेसका उमेदवार विनोद चौधरीलाई जिताउन समेत अपील गरेका छन् ।

नवलपरासी पश्चिम बर्दघाट १२ मा कांग्रेसको घरदैलो कार्यक्रममा रास्वपाका १३३ जना तथा नेपाली कम्युनिस्ट पार्टीका ५० भन्दा बढी कार्यकर्ता नेपाली कांग्रेस पार्टी प्रवेश गरेका थिए ।

नवलपरासी पश्चिममा सक्रिय रूपमा पार्टी निर्माण तथा संगठन विस्तारमा संलग्न रहँदै आएका हरिजनले रास्वपाले कुनै विधि बिना टिकट बाँडेको र पार्टीमा वैचारिक स्पष्टता र सिद्धान्तको अभाव देखिएको बताएका छन् ।

पार्टीभित्र बढ्दो गुटबन्दी र सीमित समूहको प्रभावका कारण पार्टी छोडेको हरिजनले बताए । यसअघि पार्टी छाडेर काँग्रेस प्रवेश गरेका रास्वपा का पूर्व जिल्ला सभापति महेन्द्र सेन ठकुरीको नेतृत्व मा १३३ जना बर्दघाट आयोजित सभामा काँग्रेस प्रवेश गरेका हुन् ।

उनीहरूलाई नवलपरासी १ का उम्मेदवार विनोद चौधरीले पार्टीमा स्वागत गरेका छन् ।

# निर्वाचन आचारसंहिता र मिडियाको भूमिकाबारे अन्तरक्रिया

नवलपरासी पश्चिम् । नेपाल प्रेस काउन्सिलको आयोजना तथा नेपाल पत्रकार महासङ्घ पश्चिम् नवलपरासीको संयोजनमा नवलपरासीमा पत्रकारहरूबिच निर्वाचन आचारसंहिता तथा मिडियाको भूमिकाबारे अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

निर्वाचन नजिकिँदै जाँदा मिडियाले पालना गर्नुपर्ने आचारसंहिता, समाचार सम्प्रेषणको मर्यादा, भ्रामक सूचना नियन्त्रण तथा निष्पक्ष र सन्तुलित रिपोर्टिङका विषयमा कार्यक्रम केन्द्रित रहेको थियो ।

कार्यक्रममा प्रेस काउन्सिलका प्रतिनिधिहरूले निर्वाचन अवधिमा सञ्चारमाध्यम र पत्रकारले विशेष सतर्कता अपनाउनुपर्ने धारणा राख्दै आचारसंहिता उल्लङ्घनका घटना बढ्न नदिन आग्रह गरे ।

सामाजिक सञ्जालमार्फत् फैलिने अपुष्ट सूचनाले निर्वाचनको वातावरण प्रभावित पार्न सक्ने भएकाले तथ्यपरक समाचार सम्प्रेषणमा जोड दिइएको थियो ।

महासङ्घका पदाधिकारीहरूले पत्रकारहरूलाई पेशागत जिम्मेवारी सम्झाउँदै स्वतन्त्रता र अनुशासन दुवैलाई सँगसँगै अघि बढाउनुपर्ने बताए । प्रेस काउन्सिलका सदस्यहरूले कार्यक्रमको सहजीकरण गरेका थिए ।

कार्यक्रममा जिल्ला न्यायाधीश मुख्य निर्वाचन अधिकृत राजेन्द्रकुमार आचार्यले प्रविधिको विकाससँगै मिडियामा चुनौती, अवसर र सम्भाव्यतासँगै आएको बताए । पत्रकार, सञ्चार गृह जस्तो मर्यादित पेशालाई अनुगमन गर्नु नपर्ने अवस्था बनाउनुपर्नेमा आचार्यले जोड दिए । उनले हरेक पेशा मर्यादित नहुँदा कानुनी दायरामा ल्याउने अवस्थामा अभिलेखको रूपमा रहने हुँदा पेशागत जीवनमा असर पर्ने सक्नेमा सतर्कता अपनाउनुपर्ने उल्लेख गरे ।

पत्रकार महासङ्घ नवलपरासीका अध्यक्ष केशव पराजुलीले आर्थिक मन्दीको चपेटामा मिडियाहरू रहेको बताए । राज्यको स्पष्ट नीति अभाव र स्थानीय तहले लगानी नगर्दा पेशा नै धरासायी बन्न पुग्दा जिल्लाका कयौं सञ्चार गृहहरू बन्द हुने अवस्थामा रहेको उल्लेख गरे । निर्वाचनका समयमा पत्रकारहरू थप संयमित हुनुपर्ने धारणा उनले व्यक्त गरे ।

सहभागी पत्रकारहरूले पनि निर्वाचन अवधिमा आउने चुनौती, दबाब र त्यसको समाधानबारे आफ्ना धारणा राखेका थिए ।







**Lumbini Provincial Government**
**Ministry of Social Development**
**Education and Social Development Directorate**
**Social Development Division Office**
**Taulihawa, Kapilvastu**

## Invitation for E-Bids

Date of Publication:2082/11/17

Social Development Division office, Kapilvastu invites electronic bids system from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following works under:

| S. No | IFB/RFP/EOI/PQ No. | Estimated cost with VAT &PS (Nrs.) | Bid Security (Nrs.) | Bid Document Fee(Nrs.) |
|---|---|---|---|---|
| 1 | NCB.MADARSAAL MARKAZUL-10/2082-83 | 38,78,687.64 | 97,000/- | 3000/- |

| Information to deposit the cost in the bank | Last date of bid submission: |
|---|---|
| Name of office: Social Development Division office, Kapilvastu<br>Office code no:3500049015<br>Account no.:3110100202030000<br>Revenue code:14229 | 2026-03- 31/11:00<br>Bid Opening date & time:<br>2026-03-31/12:00 |

Further details can be assessed from Social Development Division Office , Taulihawa,Kapilvastu or https://www.bolpatra.gov.np/egp/



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो,
इन्द्रै विन्ती गरून् झुकेर पाउमा त्यो विन्ती मान्दैन त्यो,

## हार्दिक समवेदना



जन्मः
२००९/०१/१५

स्वर्गारोहणः
२०८२/११/०६

**स्व. मित्रादेवी पोखरेल**

रुपन्देही जिल्ला सैनामैना नगरपालिका वडा नं. -१० निवासी हाम्रो प्रातः ममतामयी आमा **मित्रादेवि पोखरेल**को यही मिति २०८२ फाल्गुन ०६ गते भएको असामयिक निधनले हामीहरु अत्यन्तै मर्माहित भएका छौं। अत शोकको यस दुःखद घडीमा अमर आत्माको चीरशान्ति एवम् बैकुण्ठ बासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं।

**छोरा - हरि पोखरेल**
**एबम्**
**सम्पूर्ण पोखरेल परिवार**
**सैनामैना-१०, सालझण्डी**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com